२०८०।१।२८

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगको बैठक आज २०८० साल बैशाख २८  गते बिहीबार निम्न बमोजिमको उपस्थितिमा बस्यो । बैठकमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो । मकवानपुर हेटौंडा भ्रमण मुकाम ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री गौरीबहादुर कार्की | | अध्यक्ष |
| २ | श्री गणेशबाबु अर्याल | | सदस्य |
| ३ | श्री उत्तमराज सुवेदी | | सदस्य |

छलफल र निर्णय

यस आयोगबाट अनुचित लेनदेन पीडितहरुले यही बैशाख १७ गते देखि १५ दिनभित्र निवेदन दिन आव्हान गरिएको थियो। निवेदन यही बैशाख ३१ गतेसम्म दिनु पर्नेमा सो समयभित्र दरखास्त दिन समय अलि कम भएको भनी गुनासो आएकाले आगामी जेठ १ गते देखि ७ गतेसम्म ७ दिनको लागि पीडितहरुले निवेदन दिन म्याद थप गरिएकोछ । सो थपिएको अवधिभित्र आआफ्नो जिल्ला प्रशासन कार्यालयमा वा गुगल लिंकबाट पनि सीधै निवेदन दिनु हुन सवै पीडितहरुलाइ अनुरोध गर्नेसमेत निर्णय गरियो ।

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को

## मिटर ब्याज पीडितहरुलाइ निवेदन दिन ७ दिन म्यादथप गरिएको जरुरी सूचना

अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको छानविनको लागि पीडितहरुको निवेदन दिन सात दिन म्याद थप गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिने छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फारम निशुल्क उपलब्ध हुँदै आएको छ । निवेदन फारम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले नै भराइ दिने प्रवन्ध समेत गरिएको छ ।

निवेदन २०८० जेठ १ गते देखि ७ गते ७ दिन भित्र दिनु हुन सवै पीडितहरुमा अनुरोध छ ।
सवै जिल्ला प्रशासन कार्यालयहरुले पनि साविकझै आगामी जेठ १ गते देखि ७ गतेसम्म पीडितहरुलाइ निवेदन फाराम भराउने र कम्प्युटरम चढाउने काम गर्नु गराउनु हुन अनुरोध छ ।

निवेदकबाट भराउने फारामको अनलाइनको लिंक यस प्रकार छ
https://forms.gle/6ibZahBP6vZnnWRt8